# ६८ औं कार्यपालिका बैठकको एजेण्डा

मिति : २०७८/०१/१५
समय : विहान ७:३० बजे
स्थान : महांकाल सदन

१) चालु आ.व.को योजना कार्यान्वयन समीक्षा गर्ने ।
२) आ.व. ०७८/७९ को योजना पद्दति, नीति तथा कार्यक्रम सम्वन्धी प्रस्तुती । (प्र.प्र.अ.)
३) आ.व. ०७८/७९ को वार्षिक योजना तर्जूमा सम्वन्धी कार्यतालिका स्वीकृत गर्ने ।
४) योजना तर्जुमा व्यवस्थापन टोली गठन ।
५) आ.व. ०७८/७९ को वडास्तरीय योजना तर्जूमा गोष्ठी सहजीकरणका लागि जिम्मेवारी बाँडफाँट ।
६) आ.व. ०७८/७९ को वार्षिक योजनाको एकिकृत मस्यौदा कार्यटोली गठन ।
७) एकिकृत फोहोरमैला व्यवस्थापन र सरसफाई केन्द्र निर्माण सम्वन्धी प्रस्तुती । (प्र.प्र.अ.)
८) अन्तराष्ट्रिय चलचित्र नगरी (फिल्म सिटी) को पूर्वाधार निर्माणको प्राविधिक कार्य ।
९) अन्तराष्ट्रिय चलचित्र नगरी (फिल्म सिटी) को जग्गा व्यवस्थापन ।
१०) कोभिड-१९ नियन्त्रण तथा रोकथामका लागि कार्य तथा कोभिड dedicated टोली गठन ।
११) कोभिड संक्रमणबाट मृत्यु भएका परिवारलाई सामाजिक संस्कार खर्च उपलव्ध ।
१२) कोभिड संक्रमितलाई पोषण खर्च तथा यातायात खर्च उपलव्ध ।
१३) पिसिआर परिक्षणको शुल्क कायम ।
१४) लैगिक समानता तथा सामाजिक समावेशीकरण र अपाङ्गता सम्वन्धी नीति,२०७८ पारित ।
१५) माटो परिक्षण सम्वन्धी प्रयोगशाला स्थापना र संचालन ।
१६) योजना अनुमोदन सम्वन्धी ।

मिति : २०७८/०१/१५
समय : विहान ७:३० बजे
स्थान : महांकाल सदन

## कार्यपालिकाको ६८ औं बैठकका निर्णयहरु :

**निर्णय नं. १ :** चालु आ.व. २०७७/७८ को वार्षिक योजना तथा कार्यक्रमको प्रगति समिक्षा गरियो ।

**निर्णय नं. २ :** आगामी आ.व. २०७८/८९ को वार्षिक नीति तथा कार्यक्रम र बजेट सम्वन्धी प्राथमिकता र योजना तर्जूमा सम्वन्धी नगरपालिकाको मार्गदर्शन बारे प्रमुख प्रशासकीय अधिकृतबाट भएको प्रस्तुतीकरणमा छलफल गरी प्रस्तावित मार्गदर्शन स्वीकृत गर्ने निर्णय गरियो । (संलग्न छ )

**निर्णय नं. ३** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम आ.व. २०७८/७९ को वार्षिक योजना तर्जूमा सम्वन्धी प्रमुख प्रशासकीय अधिकृतबाट प्रस्तावित परिमार्जित कार्यतालिका स्वीकृत गर्ने निर्णय गरियो । (संलग्न छ )

**निर्णय नं. ४ :** आ.व. २०७८/७९ को वार्षिक नीति मस्यौदा गर्न तपसिल अनुसारको कार्यदल गठन गर्ने निर्णय गरियो

**तपसिल**

| | | |
|---|---|---|
| क) | श्री कमला बस्नेत, नगर उप प्रमुख | संयोजक |
| ख) | श्री हरिबंश चौलागाईं, प्रवक्ता | सदस्य |
| ग) | श्री कैलाश कुमार श्रेष्ठ, अध्यक्ष, वडा नं.७ | सदस्य |
| घ) | ई. श्री सुरेश राउत, प्राविधिक शाखा प्रमुख | सदस्य |
| ङ) | श्री नारायण प्रसाद सेढाई, सामाजिक विकास शाखा प्रमुख | सदस्य |

**निर्णय नं. ५** : आ.व. २०७८/७९ को वडास्तरीय योजना तर्जूमा गोष्ठी सहजीकरण गर्न प्रमुख प्रशासकीय अधिकृतबाट प्रस्तावित कार्य जिम्मेवारी स्वीकृत गर्ने निर्णय गरियो ।

| क्र.स. | कर्मचारीको विवरण | वडा नं. | अवधि | कैफियत |
|---|---|---|---|---|
| १. | क) ई. श्री सुरेश राउत<br>ख) स.ई. श्री राजुनारायण श्रेष्ठ | १ र २ | जेष्ठ दोश्रो हप्ता | |
| २) | क) श्री नारायण प्र.सेढाई<br>ख) स.ई. श्री हरिशरण दाहाल | ३ र ६ | जेष्ठ दोश्रो हप्ता | |
| ३) | क) श्री कृष्ण कार्की<br>ख) स.ई. श्री भविन्द्र थापा | ४ र ५ | जेष्ठ दोश्रो हप्ता | |
| ४) | क) ई. श्री रामजी थापा<br>ख) श्री मंगला मानन्धर | ७ र ८ | जेष्ठ दोश्रो हप्ता | |
| ५) | क) स.ई. श्री दिपकराज श्रेष्ठ<br>ख) श्री अर्जुन लामा | ९ | जेष्ठ दोश्रो हप्ता | |

**निर्णय नं. ६ :** नगर कार्यपालिकाको कार्यालयमा विषयगत योजना तर्जूमा गोष्ठी सहजीकरण गरी वार्षिक योजनाको एकिकृत मस्यौदा तयार गर्न विषयगत समितिका सदस्य सचिवहरु रहने गरी तपसिलको कार्यटोली गठन गरियो ।

| | |
|---|---|
| क) श्री जगदीश अर्याल, सदस्य सचिव, आर्थिक विकास समिति | संयोजक |
| ख) श्री नारायण प्रसाद सेढाई, सदस्य सचिव, सामाजिक विकास समिति | सदस्य |
| ग) ई. श्री सुरेश राउत, सदस्य सचिव, पूर्वाधार विकास समिति | सदस्य |
| घ) श्री ज्ञानु कुमार खड्का, सदस्य सचिव, वन वातावरण तथा विपद व्यवस्थापन समिति | सदस्य |
| ङ) श्री माधव प्रसाद सुवेदी, सदस्य सचिव, सुशासन तथा संस्थागत विकास समिति | सदस्य सचिव |

**निर्णय नं. ७ :** यस नगरपालिकाको एकिकृत फोहोरमैला व्यवस्थापन र भी.न.पा. ६ स्थित सिम्पानी सामुदायिक वनको जग्गामा निर्माणाधीन सरसफाई केन्द्र निर्माण सम्वन्धी प्रमुख प्रशासकीय अधिकृतबाट गरिएको प्रस्तुतीकरणमा छलफल गरियो ।

**निर्णय नं. ८ :** यस नगरपालिकाको वडा नं. ९ डाङडुङ्गे डाँडामा अन्तराष्ट्रिय चलचित्र नगरी (फिल्म सिटी) निर्माणाधीन छ । उक्त फिल्म सिटीको पूर्वाधार निर्माणका लागि श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, मकवानपुरले चालु आ.व. २०७७/७८ मा रु तीन करोड पचास लाख विनियोजन गरेको छ । उक्त बजेटबाट प्रवेशद्वार र सूचना केन्द्र सहितको प्रशासनिक भवन निर्माण गर्ने गरी सूचना तथा संचार प्रविधि मन्त्री माननीय पार्वत गुरुङज्यूको संयोजकत्वमा बसेको सरोकारवाला बैठकको निष्कर्ष रहेको छ । उपरोक्त पूर्वाधार निर्माण सम्वन्धी प्राविधिक कार्य यस नगरपालिकाको मौजुदा जनशक्तिबाट सम्पादन गरी ठेक्का व्यवस्थापनका लागि आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेशलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९ :** निर्णय प्रकरण८ बमोजिमको सूचना केन्द्र सहितको प्रशासनिक भवन, भी.न.पा. ९ (साविक लाकुरीडाँडा गा.वि.स. ८) स्थित कि.नं. ६४३ सार्वजनिक पर्ति जग्गामा निर्माण गर्न सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. १० :** कोरोना भाइरस रोग संक्रमण नियन्त्रण सम्वन्धी तपसिलका निर्णय गरियो ।

**तपसिल**

क) हाल बिश्वब्यापी महामारीको रुपमा फैलिरहेको कोभिड -१९ बाट सुरक्षित रहन यस नगरपालिका भित्र रहेका सम्पुर्ण सरकारी कार्यालयहरू, स्वास्थ्य सस्थाहरु, अन्य संघसस्थाहरुबाट दैनिक सेवा प्रबाह गर्दा उच्च स्वास्थ्य सतर्कता अपनाई स्वास्थ्य मापदण्डको पालना गर्न गराउनका लागि पत्राचार गर्ने ।

ख) नगरपालिका भित्र रहेका बिद्यालय, कलेज र अन्य शैक्षिकसस्थाहरु उद्योग कलकारखाना, होटेल , रिसोर्ट, शैलुन, ब्यूटीपार्लर मठ मन्दिर आदि संचालनको सन्दर्भमा नेपाल सरकारले गरेको निर्णय कार्यान्वयन गराउन सहजीकरण गर्ने ।

ग) नगरपालिका भित्र रहेका आइशोलेशन/ क्वारेन्टिनलाई पूर्ण रुपमा सुचारु गर्न आवश्यक थप व्यवस्थापन गर्ने । साथै चरिकोट अस्पतालबाट संचालित एकिकृत आइशोलेशनको व्यवस्थापन सम्वन्धी कार्य गर्ने ।

घ) कोभिड संक्रमण नियन्त्रण सम्वन्धी आवश्यक योजना बनाउन, खरिद व्यवस्थापन गर्न, बजेट प्रस्ताव तयार पर्न, खर्च व्यवस्थापन गर्न, संक्रमितहरुको व्यवस्थापन लगायतका कायहरु सम्पादन गर्न तपसिलको कोभिड संकट व्यवस्थापन Dedicated Team गठन गरी क्रियाशील गराउने र उक्त कार्यटोलीको सिफारिस बमोजिम जनशक्ति तथा श्रोत परिचालन गर्ने।

क) श्री नविन कुमार लामा, अध्यक्ष वडा नं. ६ संयोजक

ख) श्री ज्ञानु कुमार खड्का, आ.ले.प. अधिकृत सदस्य

ग) श्री श्याम बहादुर खड्का, स्वास्थ्य शाखा प्रमुख सदस्य सचिव

**निर्णय नं. ११ :** यस आ.व. मा कोरोना भाइरस नयाँ भेरियन्टको संक्रमणका कारण मृत्यु वरण गर्नु हुने भीमेश्वर नगरवासीको परिवारलाई सामाजिक संस्कार खर्च वापत प्रति मृतक परिवार रु १५,०००/- (पन्द्र हजार मात्र) उपलव्ध गराउने।

**निर्णय नं. १२ :** कोरोना भाइरसको नयाँ भेरियन्टबाट संक्रमित भै स्वास्थ्य लाभ गरिरहेका भीमेश्वर नगरवासीहरुलाई आवश्यकताका आधारमा सम्वन्धित वडाको सिफारिसमा प्रति व्यक्ति रु २,०००/- (दुई हजार मात्र) पोषण खर्च उपलव्ध गराउने साथै अन्यत्र रिफर भएका संक्रमितलाई सम्वन्धित वडाको विपन्नता सिफारिसको आधारमा एम्बुलेन्स भाडा (यातायात खर्च) वापत रु ८,०००/- (आठ हजार) सम्म उपलव्ध गराउने।

**निर्णय नं. १३ :** यस नगरपालिकामा रहेको चरिकोट अस्पतालमा स्थापित पिसिआर प्रयोगशालामा जिल्ला भित्रबाट र छिमेकी जिल्लाहरुबाट समेत परिक्षणका लागि नमूना संकलन भै रहेको सन्दर्भमा यहि २०७८ बैशाख ३० गते देखि लागू हुने गरी शुल्क घटाई बढी भन्दा बढी सेवा विस्तार गर्ने उदेश्यले निम्नानुसार शुल्क कायम गर्ने।

क) व्यक्तिगत/ व्यवशायिक प्रयोजनका लागि प्रति नमूना रु ६००/- (छ सय मात्र)।

ख) संघीय र बागमती प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रमबाट भएको लगानीलाई मनन् गर्दै दोलखा जिल्लाका पलिकहरुको सिफारिस भै आएका संक्रमित तथा सम्पर्कमा आएका (Contact Tracing) नमूनाहरुका लागि संयुक्त कोषबाट खर्च हुने गरी प्रति नमूना रु ३००/- (तीन सय मात्र)।

ग) छिमेकी जिल्लाका सरकारी स्वास्थ्य संस्थाबाट सिफारिस भै आएका नमूनाहरुका लागि प्रति नमूना रु ३००/- (तीन सय मात्र)।

**निर्णय नं. १४ :** यस नगर कार्यपालिकाको सामाजिक विकास शाखाले तयार पारी कार्यपालिकाको विषयगत समितिमा छलफल भै आएको "लैगिक समानता तथा सामाजिक समावेशीकरण र अपाङ्गता सम्वन्धी नीति,२०७८" पारित गर्ने निर्णय गरियो।

**निर्णय नं. १५ :** चालु आ.व.मा बागमती प्रदेश सरकार यस नगरपालिकालाई हस्तान्तरित कार्यक्रम अन्तर्गत दोलखा जिल्लाभरि माटो परिक्षण सम्वन्धी कार्य गर्न रु २५ लाख बिनियोजन भै आएको छ। माटो परिक्षण सम्वन्धी कार्यमा विगत तिन दशक देखि संलग्न संस्था ग्रामीण विकास टुकी संघले यस न.पा. सँगको साझेदारीमा माटो परिक्षण प्रयोगशाला भवन निर्माण तथा संचालन गर्न उक्त संस्थाको न्युनतम् १५ प्रतिशत लागत साझेदारी रहने गरी नगरपालिकासँग उक्त बजेट प्रस्ताव पेश गरेको छ। संलग्न कार्यक्रम प्रस्तावक संस्थालाई प्रयोगशाला भवन निर्माण गरी प्रयोगशाला स्थापना र संचालन समेत गर्ने र यस नगरपालिकालाई आवश्यकता अनुसार निशुल्क माटो परिक्षण सेवा उपलव्ध गराउने गरी बजेट कार्यान्वयन गर्ने निर्णय गरियो।

**निर्णय नं १६ :** प्रस्ताव नं. ७ माथि छलफल गर्दा नगर प्रमुख/ उप प्रमुखको तोक आदेशबाट सम्पन्न भएका देहायका आयोजनाहरुको खर्च अनुमोदन गरियो।

१) हिले गोब्रे खानेपानी योजना, भी.न.पा. ८ का लागि एक घर एक धारा कार्यक्रमबाट रु १,३०,०००/- (एक लाख तीस हजार मात्र) उपलव्ध गराइएको।

२) कालिन्चोक पैदल मार्ग (पि.सि.सि.) योजना, भी.न.पा. ९ लाई जनतासंग मेयर कार्यक्रमबाट रु २०,०००/- (बिस हजार मात्र) उपलव्ध गराइएको।

३) गैडाँडा ग्रामिण सडक स्तरोन्नति भी.न.पा. ९ लाई जनतासंग मेयर कार्यक्रमबाट रु १,००,०००/- (एक लाख मात्र) उपलव्ध गराइएको।

४) गैडाँडा खानेपानी योजना, भी.न.पा. ९ लाई एक घर एक धारा कार्यक्रमबाट रु १,००,०००/- (एक लाख मात्र) उपलव्ध गराइएको।

५) राम्पा कुसिपा खानेपानी योजना, भी.न.पा. २ लाई एक घर एक धारा कार्यक्रमबाट रु २,००,०००/- (दुई लाख मात्र) उपलव्ध गराइएको।

६) कार्प जातको माछा पालन कार्यक्रम, भी.न.पा. ९ लाई युवा स्वरोजगार कार्यक्रमबाट रु १,००,०००/- (एक लाख मात्र) उपलव्ध गराइएको।

७) कुखुरा पालन कार्यक्रम भी.न.पा. ५ लाई महिलासँग उपमेयर कार्यक्रमबाट रु २०,०००/- (बिस हजार मात्र) उपलव्ध गराइएको।

८) कुखुरा पालन कार्यक्रम भी.न.पा. ५ लाई महिलासँग उपमेयर कार्यक्रमबाट रु ५०,०००/- (पचास हजार मात्र) उपलव्ध गराइएको।

९) कुखुरा पालन कार्यक्रम भी.न.पा. ५ लाई महिलासँग उपमेयर कार्यक्रमबाट रु ६०,०००/- (साठ्ठी हजार मात्र) उपलव्ध गराइएको।

१०) तरकारी खेती कार्यक्रम भी.न.पा. २ लाई महिलासँग उपमेयर कार्यक्रमबाट रु १०,०००/- (दश हजार मात्र) उपलव्ध गराइएको।

११) कालिन्चोक गोरेटो बाटो निर्माण आयोजना, भी.न.पा. ३ लाई जनतासँग मेयर कार्यक्रमबाट रु ७५,०००/- (पचहत्तर हजार मात्र) उपलव्ध गराइएको।

१२) रक्त काली बीच सडक, भी.न.पा. ३ लाई जनतासँग मेयर कार्यक्रमबाट रु ३०,०००/- (तीस हजार मात्र) उपलव्ध गराइएको।

१३) साखिने प्रतिक्षालय निर्माण, भी.न.पा. ७ लाई जनतासँग मेयर कार्यक्रमबाट रु ३५,०००/- (पैतिस हजार मात्र) उपलव्ध गराइएको ।

१४) गल्ली माथि सडक टहले, भी.न.पा. ४ लाई जनतासँग मेयर कार्यक्रमबाट रु ५०,०००/- (पचास हजार मात्र) उपलव्ध गराइएको ।

१५) महांकाल सडक मर्मत, भी.न.पा. ५ लाई जनतासँग मेयर कार्यक्रमबाट रु ७५,०००/- (पचहत्तर हजार मात्र) उपलव्ध गराइएको ।

१६) गोठ बनाउने कार्य (मथानी कृषि तथा पशु पन्छी फार्म) भी.न.पा. ५ लाई जनतासँग मेयर कार्यक्रमबाट रु १,००,०००/- (एक लाख मात्र) उपलव्ध गराइएको ।

१७) जमजुत्ता सडक नयाँ ट्रयाक खन्ने, भी.न.पा. ५ लाई जनतासँग मेयर कार्यक्रमबाट रु १,००,०००/- (एक लाख मात्र) उपलव्ध गराइएको ।

१८) चन्द्र भक्तेश्वर महादेव मन्दिर निर्माण, भी.न.पा. ७ लाई संस्कृति सम्पदा संरक्षण कार्यक्रमबाट ७५,०००/- (पचहत्तर हजार मात्र) उपलव्ध गराइएको ।

१९) महादेव मन्दिर निर्माण, भी.न.पा. ७ लाई संस्कृति सम्पदा संरक्षण कार्यक्रमबाट ३०,०००/- (तीस हजार मात्र) उपलव्ध गराइएको ।

२०) राधाकृष्ण मन्दिर निर्माण, भी.न.पा. ५ लाई संस्कृति सम्पदा संरक्षण कार्यक्रमबाट २,००,०००/- (दुई लाख मात्र) उपलव्ध गराइएको ।

२१) साँस्कृतिक चाडपर्व संचालन खर्च (महांकाली भगवती मन्दिर), भी.न.पा. ५ लाई संस्कृति सम्पदा संरक्षण कार्यक्रमबाट १५,०००/- (पन्ध्र हजार मात्र) उपलव्ध गराइएको ।

२२) चोक्टेसिम डाँडाबारी खानेपानी योजना, भी.न.पा.३ लाई एक घर एक धारा कार्यक्रमबाट ५०,०००/- (पचास हजार मात्र) उपलव्ध गराइएको ।

२३) वडा कार्यालय खानेपानी व्यवस्थापन, भी.न.पा.४ लाई एक घर एक धारा कार्यक्रमबाट २२,५००/- (बाईस हजार पाँच सय मात्र) उपलव्ध गराइएको ।

२४) साखिने खानेपानी आयोजना, भी.न.पा.७ लाई एक घर एक धारा कार्यक्रमबाट १८,३३९/- (अठार हजार तीन सय उनन्चालीस मात्र) उपलव्ध गराइएको ।

२५) पावु खानेपानी आयोजना, भी.न.पा.२ लाई एक घर एक धारा कार्यक्रमबाट १०,०००/- (दश हजार मात्र) उपलव्ध गराइएको ।

२६) गेहेन्द्रे खानेपानी आयोजना, भी.न.पा.२ लाई एक घर एक धारा कार्यक्रमबाट २,००,०००/- (दुई लाख मात्र) उपलव्ध गराइएको ।

२७) चिसापानी खानेपानी योजना, भी.न.पा.३ लाई एक घर एक धारा कार्यक्रमबाट १०,०००/- (दश हजार मात्र) उपलव्ध गराइएको ।